# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रकाशित

## सहकारी विभागको सूचनाको विवरण (२०७९ कार्तिक देखि २०७९ पौष मसान्तसम्म)

### क. सहकारी विभागको पृष्ठभूमि तथा स्वरुप :-

सहकारिता स्वावलम्बनको पारस्परिक अभ्यास हो । सहकारी व्यवसायमा मानविय मुल्यहरु प्रधान हुन्छन भने नियन्त्रणको लोकतान्त्रिक विधि हुन्छ । सहकारी पद्धतिले मानिसहरूलाई एकजुट हुन र समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता र आकाङ्क्षाहरू पूरा गर्नमा सघाउ पुऱ्याउँछ । बिशेषत: न्यूनआय समुहका कृषक, कालीगढ, श्रमिकका साथै आम उपभोक्ता वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि सहकारीको माध्यम आवश्यक भएको हो । आर्थिक तथा सामाजिक पक्ष दुवैलाई समेटिने हुनाले सहकारी प्रक्रियामा बिपन्न वर्गको बहुआयमिक सहकारीकरण भइरहेको हुन्छ । जसका लागि विकास चाहिएको हो उसैको सक्रियता बिना दिगो विकास सहज पनि हुदैन । सहकारी क्षेत्रलाई विस्तारित रूपमा अघि बढाउन सकिए दिगो विकासका लक्ष्यहरु हासिल गर्नमा उल्लेखनिय सघाउ पुग्नेछ ।

नेपालमा सहकारिताको थालनी वि.सं. २०१३ मा भएको हो । सहकारिताको माध्यमबाट आर्थिक तथा सामाजिक विकासको गतिमा तीव्रता ल्याउन नेपालमा सहकारीलाई नीतिगत प्राथमिकता दिइएको पाइन्छ । नेपालको संविधानमा राज्यका निर्देशक सिद्दान्तमा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत स्वतन्त्र र समृद्द अर्थतन्त्रको विकास गर्ने" भनिएको छ । (धारा ५० त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा "सहकारी क्षेत्र समेतको सहभागिता तथा स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सदृढ गर्ने" (धारा ५१ (घ.१) । एवं "सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" (धारा ५१ घ.२) विषयमा जोड दिइएको छ । सहकारी अभियानमा सघाउ पुऱ्याउन वि.सं. २०१० मा स्थापना भएको सहकारी विभागलाई क्रमिक रूपमा सुदृढीकरण गरिएको छ । सहकारी सम्बन्धी कानुन तथा कार्यविधिहरूमा पनि समय सापेक्ष परिमार्जन भइरहेको छ । हाल प्रचलनमा रहेका सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ बाट नेपालमा सहकारिताको विकासका लागि थप आधारहरू तय भएका छन् ।

हाल सहकारी संघसंस्थाहरूको सञ्जाल देशव्यापी रूपमा विस्तार भएको छ । करिब ३०,८७९ भन्दा बढी प्रारम्भिक सहकारी संस्थाहरू, १९ वटा विषयगत केन्द्रीय संघहरू, १ वटा राष्ट्रिय सहकारी बैंक, १ वटा राष्ट्रिय सहकारी महासंघ, साथै विभिन्न विषयगत जिल्ला सहकारी संघहरू क्रियाशील रहेका छन् । यी संघसंस्थाहरूमा ७३ लाख भन्दा बढी सदस्यहरू आबद्ध रहेका छन् । कुल सदस्यहरूमध्ये महिला सहभागिता ५५ प्रतिशत रहेको छ । सहकारी संस्थाहरूको कुल शेयर पुँजी रु. ९४ अर्ब, संकलित बचत निक्षेप रकम रु. ४ खर्ब ७८ अर्ब र ऋण लगानी रु.४ खर्ब २६ अर्ब रहेको छ । सहकारी क्षेत्रले मुलुकको कुल गार्हस्थ उत्पादनमा करिव ४ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ । सहकारी संघ संस्थाहरूमा करिव ९१ हजार भन्दा बढी नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने अप्रत्यक्ष रूपमा झण्डै दशलाखले रोजगारी पाएको अनुमान छ । महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायत पिछडिएको वर्ग र क्षेत्रका समुदायमा समेत सहकारी रहेकोले

जनसहभागितामा उल्लेखनीय वृद्धि भएको छ। राज्य र निजी स्तरको पहुँच नपुगेका क्षेत्र तथा समुदायमा समेत सहकारिताको माध्यमबाट उद्यमशीलताको विकास हुन थालेको छ।
सहकारी अभियानमा सघाउ पुऱ्याउन संयोजनकारी भूमिका निर्वाह गर्ने गरी विशेष ऐन अन्तर्गत वि.सं. २०४९ मा राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना भएको छ। सहकारी संस्थाहरूलाई सहज रूपमा वित्तीय सघाउ पुऱ्याउन २०६० सालमा राष्ट्रिय सहकारी बैंकको स्थापना समेत गरिएको छ। यसैगरी सहकारी ऐनमा उल्लेखित प्रावधान अनुसार जिल्ला, केन्द्रीय तथा राष्ट्रियस्तरका सहकारी संघहरू एवं महासंघ समेत रहने व्यवस्थाले सहकारी आन्दोलनलाई अघि बढाउनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ख. सहकारी विभागको सांगठनिक परिचय :-

सहकारी विभागका लागि संगठनात्मक तथा दरबन्दी संरचना अनुसार रा.प.प्रथम (प्रशासन) को रजिस्ट्रार पद एक, रा.प. द्वितिय (प्रशासन) को उपरजिस्ट्रार पद दुई, रा.प.द्वितीय (प्रशासन) उपसचिव (लेखा) को पद एक र रा.प.द्वितीय (विविध) को वरिष्ठ वित्तिय विश्लेषक पद एक समेत कुल जम्मा ३० जनाको दरबन्दी रहेको छ। सहकारी विभागलाई तोकिए बमोजिमका कार्यहरू सम्पादन गर्न निम्न बमोजिमका चार वटा शाखाहरू कायम गरिएका छन्। सहकारी विभागमा रा.प. द्वितीय श्रेणी उपसचिव वा सो सरह प्रमुख रहने गरी ४ वटा शाखाहरु रहेका छन्।

१. प्रशासन तथा सहकारी प्रवर्धन शाखा,

२. तथ्याङ्क तथा वित्तीय विश्लेषण शाखा,

३. आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा,

४. मानदण्ड तथा अनुगमन शाखा।

## ग. सहकारी विभागको काम कर्तव्य र अधिकार :-


- सहकारीताको विकासका लागि राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन पुनरावलोकनमा मन्त्रालयलाई सहयोग पुर्‍याउने,
- सहकारी संघसंस्था तथा बैङ्कहरुको अनुगमनका लागि नेपाल राष्ट बैंकसँगसमेत समन्वय गरी मापदण्ड, कार्यविधि, निर्देशिकाहरुको विकास गरी मन्त्रालयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,
- सहकारी संघसंस्थाहरुको नियामक निकायको हैसियतमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- सहकारी ऐन, नियमावली तथा मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम अन्तरप्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुको निरन्तर अनुगमन गरी आवश्यक सुधारका लागि निर्देशन दिने,
- अन्तरप्रादेशिक रुपमा ठूला आयोजना संचालन गर्न स्थापना हुने विशिष्टीकृत सहकारी संघहरुको दर्ता अनुमति तथा नियमन कार्य गर्ने,

- स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सहकारी सम्बन्धी राष्ट्रिय तथ्याँक व्यवस्थापन गर्ने,
- राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुसँगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेशस्तरका सहकारी निकायहरुको नियमन तथा प्रवर्धन क्षमता अभिबृद्धि गर्न आवश्यक विषयगत दिग्दर्शन, नमूना निर्देशिका, कार्यविधि तर्जूमाका साथै जनशक्ति विकासका लागि कार्य गर्ने,
- सहकारी विकासका क्षेत्रमा स्थानीय तह एवं प्रदेशस्तरमा भएका सहकारीका असल अभ्यासहरुको अभिलेखिकरण गरी अन्तर स्थानीय तह तथा प्रादेशिक रुपमा अनुभव आदानप्रदान गरी सहकारीताको गुणात्मक विकासमा सहयोग पुर्‍याउने,
- विपन्न ग्रामीण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषिउपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुर्‍याउने,
- सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,
- सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,
- सहकारी क्षेत्रमा बचत परिचालन, लगानीका क्षेत्र,तरलता, असुली दर लगायतको वित्तीय विश्लेषणको प्रणाली स्थापना गरी वित्तीय सुशासन कायम गराउन तथा प्राथमिकताका क्षेत्रमा स्रोत प्रवाहलाई प्रोत्साहित गर्न सन्दर्भ व्याजदर निर्धारण गर्नुका साथै अन्य वित्तीय मानकहरु तोकि निर्देशन गर्ने,
- वित्तीय समस्यामा परेका सहकारी संघसंस्था तथा बैंकको लेखाजोखा गरी आवश्यकतानुसार समस्याग्रस्त घोषणा गरी व्यवस्थापन समिति गठनका लागि मन्त्रालयमा सिफारिश गर्ने,
- सहकारी संघसंस्थाहरुको एकीकरण, विभाजन, कार्यक्षेत्र पुननिर्धारण, खारेजी, विघटन तथा लिक्विडेटरको नियुक्ति सम्बन्धी कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट माग भई आएको अवस्थामा सहकारी प्रवर्धन तथा नियमनका लागि आवश्यक सहयोग उपलब्ध गराउने,
- सहकारी व्यवसायको प्रवर्धनका लागि संघ, प्रदेश र स्थानीय तहका संयुक्त लगानीका आयोजनाको प्रारुप तयार गरी कार्यान्वयनमा समन्वय, सहकार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट हुने सहकारी नियमनका साथै सहकारी संघसंस्था तथा बैकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनमा समन्वय गर्ने ।

## घ. विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण :-

सहकारी विभागको स्वीकृत सांगठनिक संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणी सहसचिव (प्रशासन) को नेतृत्वमा देहाय अनुसारको कर्मचारीको दरवन्दी स्वीकृत भएको छ ।

सहकारी विभागको संगठन संरचना




## ङ. विभागबाट सम्पादित हुने कार्यहरु :-

- सहकारीताको विकासका लागि राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन पुनरावलोकनमा मन्त्रालयलाई सहयोग पुर्‍याउने,
- सहकारी संघसंस्था तथा बैङ्कहरुको अनुगमनका लागि नेपाल राष्ट बैंकसँगसमेत समन्वय गरी मापदण्ड, कार्यविधि, निर्देशिकाहरुको विकास गरी मन्त्रालयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

➢ सहकारी संघसंस्थाहरुको नियामक निकायको हैसियतमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

➢ सहकारी ऐन, नियमावली तथा मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम अन्तरप्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुको निरन्तर अनुगमन गरी आवश्यक सुधारका लागि निर्देशन दिने,

➢ अन्तरप्रादेशिक रुपमा ठूला आयोजना संचालन गर्न स्थापना हुने विशिष्टीकृत सहकारी संघहरुको दर्ता अनुमति तथा नियमन कार्य गर्ने,

➢ स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सहकारी सम्बन्धी राष्ट्रिय तथ्याँक व्यवस्थापन गर्ने,

➢ राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुसँगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,

➢ स्थानीय तह तथा प्रदेशस्तरका सहकारी निकायहरुको नियमन तथा प्रवर्धन क्षमता अभिबृद्धि गर्न आवश्यक विषयगत दिग्दर्शन, नमूना निर्देशिका, कार्यविधि तर्जूमाका साथै जनशक्ति विकासका लागि कार्य गर्ने,

➢ सहकारी विकासका क्षेत्रमा स्थानीय तह एवं प्रदेशस्तरमा भएका सहकारीका असल अभ्यासहरुको अभिलेखिकरण गरी अन्तर स्थानीय तह तथा प्रादेशिक रुपमा अनुभव आदानप्रदान गरी सहकारीताको गुणात्मक विकासमा सहयोग पुर्‍याउने,

➢ विपन्न ग्रामीण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

➢ सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषिउपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुर्‍याउने,

➢ सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,

➢ सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,

➢ सहकारी क्षेत्रमा बचत परिचालन, लगानीका क्षेत्र,तरलता, असुली दर लगायतको वित्तीय विश्लेषणको प्रणाली स्थापना गरी वित्तीय सुशासन कायम गराउन तथा प्राथमिकताका क्षेत्रमा स्रोत प्रवाहलाई प्रोत्साहित गर्न सन्दर्भ व्याजदर निर्धारण गर्नुका साथै अन्य वित्तीय मानकहरु तोकि निर्देशन गर्ने,

➢ वित्तीय समस्यामा परेका सहकारी संघसंस्था तथा बैंकको लेखाजोखा गरी आवश्यकतानुसार समस्याग्रस्त घोषणा गरी व्यवस्थापन समिति गठनका लागि मन्त्रालयमा सिफारिश गर्ने,

➢ सहकारी संघसंस्थाहरुको एकीकरण, विभाजन, कार्यक्षेत्र पुनर्निर्धारण, खारेजी, विघटन तथा लिक्विडेटरको नियुक्ति सम्बन्धी कार्य गर्ने,

➢ स्थानीय तह तथा प्रदेश सरकारबाट माग भई आएको अवस्थामा सहकारी प्रवर्धन तथा नियमनका लागि आवश्यक सहयोग उपलब्ध गराउने,

➤ सहकारी व्यवसायको प्रवर्धनका लागि संघ, प्रदेश र स्थानीय तहका संयुक्त लगानीका आयोजनाको प्रारुप तयार गरी कार्यान्वयनमा समन्वय, सहकार्य गर्ने,

➤ स्थानीय तह तथा प्रदेश सरकारबाट हुने सहकारी नियमनका साथै सहकारी संघसंस्था तथा बैकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनमा समन्वय गर्ने ।

## च. विभागको शाखागत जिम्मेवारीहरु :-

१. प्रशासन तथा सहकारी प्रवर्धन शाखा
   - ✓ उपरजिष्ट्रार खिमानन्द आचार्य

२. तथ्याङ्क तथा वित्तीय विश्लेषण शाखा
   - ✓ रिक्त

३. आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा
   - ✓ उपसचिव (लेखा) तोमनाथ उप्रेती

४. मानदण्ड तथा अनुगमन शाखा
   - ✓ उपरजिष्ट्रार टोलराज उपाध्याय

## छ) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

कानुनद्वारा तोकिएकोमा बाहेक दस्तुर नलाग्ने,

## ज) निर्णय गर्ने प्रकृया र अधिकारी :-

कार्यालय प्रमुख (रजिष्ट्रार) ।

## झ) निर्णय उपर उजुरी सुन्ने अधिकारी :-

सहकारी विभाग, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय

## ञ) प्रमुख र सूचना अधिकारीको नाम र पद :-

**प्रमुख : रजिष्ट्रार श्री रुद्रप्रसाद पण्डित**

**सूचना अधिकारी : उपरजिष्ट्रार श्री टोलराज उपाध्याय**

## ट) ऐन, नियम, कार्यविधि वा निर्देशिकाको सूची :-

ऐन:-

- सहकारी ऐन, २०७४

नियमावली :-

- सहकारी नियमवाली, २०७५

निर्देशिका कार्यविधिहरु :-

१. सम्पत्ति शुद्धीकरण सम्बन्धी सहकारी संघसंस्थालाई जारी निर्देशन, २०७४
२. सहकारी संस्थाको एकिकरण तथा विभाजन सम्बन्धी कार्यविधि, २०७६
३. बचतऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण,निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७
४. सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७७
५. सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली सञ्चालन कार्यविधि, २०७७
६. सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७८
७. सहकारी संस्था दर्ता दिग्दर्शन, २०७४
८. सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका, २०७५
९. सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड),२०७६
१०. सहकारी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि, २०७६ ।
११. बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ ।

## ठ) विनियोजित बजेट र खर्चको विवरण :-

१. बजेट र खर्चको विवरण :-

सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम

(रु. हजार)

| बार्षिक बजेट | | खर्च | |
|---|---|---|---|
| चालु | पुँजी | चालु | पुँजी |
| १३६८०० | १३००० | १२८१७ | १८५४ |
| | | | |

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

२. मुख्य मुख्य उपलब्धीहरु :-

- चालु आर्थिक वर्षको बार्षिक कार्यक्रम कार्यन्वयन कार्ययोजना तयार गरिएको ।
- विभिन्न संस्थाहरुको सघन अनुगमन तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी कानून परिपालनाका सम्बन्धमा ३० सहकारी संस्थाहरुको अनुगमन सम्पन्न भएको ।
- अनुदान सम्बन्धी निर्देशिका मन्त्रालयवाट स्वीकृत भएको ।
- सहकारी क्षेत्रसँग सम्बन्धित vision paper को मस्यौदाको अन्तिमरुप तयार भइ सरोकारवालाहरुसंग छलफल सम्पन्न गरी स्वीकृतीको लागि मन्त्रालयमा पेश भएको । ।
- कर्जा सूचना केन्द्रको मस्यौदा तयार भई सरोकारवालाहरुसंग छलफल भएको र स्वीकृतीको लागि मन्त्रालयमा पेश भएको ।
- सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा २८,०४२ संस्थाले पार्सवर्ड लिई सकेको र १६,८७४ सहकारी लगिन भई सकेको र समष्टिगत तर्फ कुल १३,०५७ सहकारी संस्थाले हालसम्म तथ्यांक प्रविष्टि समेत गरिसकेको ।
- COPOMIS सम्बन्धी स्थानीय तहमा कार्यरत सुचना प्रविधि अधिकृत/सहकारी अधिकृतहरुलाई ३ वटा प्रशिक्षक प्रशिक्षण कार्यक्रम (MTOT) सम्पन्न ।
- COPOMIS तथा सम्पत्ती शुद्धीकरण सम्बन्धी केन्द्रिय, प्रदेश र जिल्ला संघ समेतलाइ संलग्न गरी ६ वटा प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT) सम्पन्न ।
- कोपोमिस प्रणालीको बारेमा जनसचेतना मुलक श्रब्यदृष्य सामग्री निर्माण भएको ।
- सहकारी सम्वन्धी जनचेतनामुलक भिडियो सामाग्री ठुलोबा निर्माण सम्पन्न भएको ।
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ को तेस्रो संशोधन स्वीकृत भई लागु भएको ।
- वि.सं. २०४९ जेष्ठ २ गतेभन्दा अगाडी सञ्चालनमा रहेका साविक साझा सहकारी संस्थाको सम्पत्ति, दायित्व एकिन गर्ने कार्यका लागि सूचना प्रकाशन भइ तथ्यांक संकलन भएको र सो कार्यका लागि आवश्यक पर्ने कार्यविधि निर्माण अन्तिम चरणमा रहेको ।

- कोपोमिस प्रणालीको तथ्यांक सुरक्षाको लागि सर्भर खरिद गरी GIDC मा राखिएको ।

- कोपोमिस प्रणालीको स्तरोन्नतीको लागि आशयपत्र माग गरी कार्य अगाडी बढाइएको ।

- राष्ट्रिय सहकारी महासंघ र केन्द्रिय संघहरुको साझेदारीमा कोपोमिस तथा सम्पत्ति शुद्दिकरण सम्बन्धि कार्यक्रम सन्चालन गर्न प्रस्ताव माग गरिएको ।

## ड) तोकिए बमोजिमको कार्यविवरण :-

### सहकारी प्रशासन तथा प्रवर्धन शाखा

- सहकारी क्षेत्रको विकाससम्बन्धी नीति र आवधिक योजनाको मस्यौदा तयार गर्नमा सघाउने,
- संवैधानिक प्रावधान, आवधिक योजना तथा क्षेत्रगत मार्ग निर्देशनभित्र र विभागीय प्रमुखको निर्देशनमा रही सहकारी विभाग र अन्तर्गतको वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने गराउने,
- प्राप्त अख्तियारीबमोजिम स्वीकृत कार्यक्रम तथा विनियोजनबमोजिम कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- प्रचलित आर्थिक ऐन तथा नियमावलीबमोजिम विभाग र अन्तर्गतका कार्यालयहरूको आय व्यय सम्बन्धमा तोकिएबमोजिम लेखा राख्न लगाई लेखापरीक्षणबाट देखिएका बेरुजु फछ्र्यौट गर्ने गराउने,
- विभाग र अन्तर्गतका अधिकृत तथा कर्मचारीहरूको पदस्थापन, सरुवा, बढुवा तथा विभागीय कारवाहीसम्बन्धी कारबाही गर्ने गराउने,
- विभाग र अन्तर्गत निकायहरूको सम्पत्ति व्यवस्थापन, खरिद व्यवस्था र सुरक्षा लगायत आन्तरिक प्रशासनसम्बन्धी कार्यहरू गर्ने, गराउने,
- मातहतका अधिकृत तथा कर्मचारीहरूको कार्यसम्पादन सुपरिवेक्षण तथा मूल्यांकन गर्ने,
- विभाग र अन्तर्गतमा सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन गरी तोकिएबमोजिम प्रगति समीक्षाको व्यवस्था गर्ने,
- आवधिक योजना र वार्षिक कार्यक्रम अन्तरगत सहकारी प्रवर्द्धन तथा विकासको लागि विभाग मातहतका कार्यालयहरू एवं सरोकारवालाहरूसँगको सहभागितामा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- अन्तरक्रिया गने आवधिक प्रतिवेदनहरू तयार गर्ने, शिक्षा सूचना तालिम सम्बन्धी कार्यहरु गर्ने,
- सहकारी व्यवसाय प्रवर्द्धनका लागि वजार अध्ययन, अनुसन्धान तथा सो विषयसम्बन्धी अन्य कार्यहरु गर्ने । विभागीय प्रमुखद्वारा तोकिएबमोजिमका कार्यहरू गर्ने गराउने ।

### मानदण्ड तथा अनुगमन शाखा

- सहकारी संस्थाहरूको दर्ता तथा नियमन सम्बन्धमा कानुनद्वारा तोकिएबमोजिमका कार्यहरू गर्ने गराउने एवं निर्णयार्थ पेस गर्ने,
- सहकारी संघ संस्थाहरूको दर्ता, नियमन, अनुगमन आदि सम्बन्धमा आवश्यताअनुसार कानुनी परामर्श उपलब्ध गर्ने गराउने,
- मातहतका अधिकृत तथा कर्मचारीहरूको कार्यसम्पादन सुपरिवेक्षण तथा मूल्यांकन गर्ने,
- विभागीय प्रमुखद्वारा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने गराउने ।

- सहकारी संघ संस्थाहरुको अनुगमन तथा नियमन सम्बन्धी कार्य गर्ने ।
- सहकारी संघ संस्थाहरूको अनुगमन सम्बन्धी कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने,
- सहकारी संघ संस्थाहरूको सम्पत्ती शुद्दिकरण निवारण सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,
- सहकारी तथा गरिवी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) सम्बन्धी कार्य गर्ने ।

## तथ्यांक तथा वित्तीय विश्लेष शाखा

- सहकारी संघसंस्था तथा राष्टिय सहकारी बैंकहरुको बचत परिचालन, लगानीका क्षेत्रहरु, तरलता तथा असुली दर समेतको निरन्तर विश्लेषण गरी सुधारका लागि रजिष्टारसमक्ष आवश्यक सुझाव पेश गर्ने
- सन्दर्भ व्याजदर निर्धारण एवं पुनरावलोकनका लागि आवश्यक विश्लेषणसहित रजिष्टारसमक्ष सिफारिश गर्ने
- सहकारी संघसंस्थाको सेवा शुल्क, नविकरण शुल्क, हर्जना समेतका विषयमा लेखाजोखा गरी सिफारिश
- अन्तरप्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुको वित्तीय एवं जोखिम विश्लेषण गरी आवश्यक सुधारका लागि रजिष्टार समक्ष सुझाव पेश गर्ने
- समस्याग्रस्त सहकारी संघसंस्थाहरुको कारोबारको विश्लेषण गरी पेश गर्ने
- स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गरी सहकारी क्षेत्रको तथ्यांक संकलन, संरक्षण तथा प्रकाशनको व्यवस्था मिलाउने
- सहकारी संघसंस्थाहरुको आपसी सुरक्षण सेवा संचालनको लागि आवश्यक वित्तीय संरचना तथा मानकहरुसहितको कार्यविधि विकास गरी पेश गर्ने
- सहकारी क्षेत्रको वित्तीय सुशासनका सूचकहरु विकास गरी प्रवृत्ति विश्लेषणका आधारमा नीरितगत पृष्ठपोषण दिने
- स्थानीय तह तथा प्रदेशबाट वित्तीय विश्लेषकको सहयोग माग भएको अवस्थामा राजिष्टारको स्वीकृतिमा आवश्यक सहयोग पुर्‍याउने
- सहकारी संघसंस्थाहरुको लेखापालन तथा लेखापरीक्षण सम्बन्धमा मानदण्डहरु विकास गरी पेश गर्ने

## आर्थिक प्रशासन तथा स्रोत परिचालन शाखा

- विभाग र अन्तर्गतको वार्षिक बजेट तर्जुमा गर्ने,
- आर्थिक कारोवारसँग सम्बन्धीत काम र जिम्मेवारी बहन गरी निकासा माग गर्ने,
- स्वीकृत भए बमोजिम निकासा भएको रकमको खर्चको हिसाव रित पूर्वक राखी फाँटवारी तथा आर्थिक विवरण तयार गर्ने ,
- आथ्कि विवरण कार्यालय प्रमुखवाट स्वीकृत गराई समयमा नै सम्बन्धीत निकायमा पठाउने,
- समयमा नै लेखा परीक्षण गराउने, बेरुजुको लगत राख्ने, प्रमाण जुटाई बेरुजु फछ्यौंट गराउने,
- सरुवा बढुवा भई जाँदा आफ्नो जिम्माको स्रेस्ता, नगद र बैंक मौज्दात, बेरुजु लगत अभिलेखहरु बुझबुझारथ गर्ने,
- आफनो राय अनुसार निर्णय भएको रकम कलमको हकमा जिम्मेवारी बहन गर्ने,
- कार्यालय प्रमुखले सुम्पेको आर्थिक कारोवार सम्बन्धी काम गर्ने र सो सम्बन्धी कार्यालय प्रमुखलाई राय दिने,
- विकास सहायता मार्फत प्राप्त हुने रकमको रीतपूर्वक हिसाव किताव राख्ने,
- विकास सहायता प्राप्त गर्ने MOU तयार गरी पेस गर्ने,
- सङ्घ, प्रदेश र स्थानिय तहका संयुक्त आयोजनाका बजेट परिचालन तथा अभिलेखन गर्ने,
- सोधभर्ना प्रणलीको समन्वय गर्ने,
- स्रोत परिचालन सम्बन्धमा आवधिक प्रतिवेदन तयार गरी पेश गर्ने,

- विकास सहायताको एकीकृत हिसाव (प्रदेश र स्थानीय तहबाट समेत प्राप्त गरी) राखी वार्षिक प्रतिवेदन तयार गर्ने,
- लेखापरीक्षण गराउने ।

## ढ) विभागको सम्पर्क नम्बर, वेभसाईट र इमेल ठेगाना :

**इमेल:** sahakaribivag@gmail.com

**वेभसाईट:** www.deoc.gov.np

**सम्पर्क नम्बर** : +९७७-०१-४४६५३६२, ०१४४६११७७, ०१४४६५२५१/ ०१४४६५२५२